कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)

गण्डकी प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकासित मिति:२०७८/०७/१५

यस न.पा बाट चालु आ.ब ०७८/०७९ मा तपसिल बमोजिमको कार्य शिलबन्दी दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक फर्मबाट निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिन्छ ।

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) रा.वा बैक शाखा कावासोतीमा रहेको खाता नं. ३२००१००३०१०१०००३ मा जम्मा गरी वा कावासोती नगरपालिकाको राजश्व शाखामा बुझाएको सक्कल रसिद सहित फर्म नविकरण भएको इजाजत पत्र, आय कर तथा मु.अ. कर दर्ता प्रमाण पत्र प्रतिलिपी आवश्यक कागजात संग्लन गरी लिखित निवेदन सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौ) दिनको कार्यालय समय सम्ममा जिन्सी शाखा बाट प्रस्ताव फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको दरभाउपत्र फारम नियम अनुसार कामको विवरण, ठेक्का नं., दरमाउपत्र दाताको नाम र ठेगाना समेत उल्लेख गरी कार्यालय लाई सम्बोधन गरी सूचना प्रकाशित भएकफ १६ (सोह्रौ) दिन दिनको ठिक १२ बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ ।दर्ता भएका दरभाउपत्र सोही दिनको २ बजे दरभाउपत्र दाता स्वयम वा निजको प्रतिनिधी र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ ।दरभाउप पत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्न कुनै वाधा पर्ने छैन । दरभाउपत्र खरिद, दाखिला वा खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला र खोल्ने कार्य हुने छ ।

३. दरभाउपत्र शर्त रहित, प्रत्येक आइटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थप/घट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ ।दररेट सच्चाउनु पर्ने भएमा सच्चाएको ठाउमा दस्तखत वा छाप भएको हुनु पर्ने छ ।

४. समय सिमा भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथी कुनै कारवाही हुने छैन ।

५. दरभाउपत्रमा दररेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र दर्ता गर्नु अगावै सम्बन्धीत आबश्यक जानकारी लिन सकिने छ ।

७. दरभाउपत्रको डकुमेन्ट, स्पेशिफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा बिषय पंशग ले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि वेल सच्चाउन वाधा पर्ने छैन ।

८. प्राप्त शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. चमेना गृह संञ्चालनका लागि नगरपालिकाले २ कोठा निशुल्क उपलब्ध गराउनेछ।नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुलाई प्रस्तावित दररेटमा १० प्रतिशत छुटमा उपलब्ध गराउनुपर्ने छ ।

१०. कोठाको व्यवस्थापन स्वयम प्रस्तावदाताले गर्नुपर्ने छ साथै विधुत महशुल र पानी खर्च सम्बन्धित प्रस्तावकको व्यहोर्नु पर्ने छ।

११. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपसिल

| क्र.स. | ठेक्का नं. | कामको विवरण र स्थान | प्रस्ताव पत्र दस्तुर रु |
|---|---|---|---|
| १ | ०३/०७८/०७९ (जिन्सी) | चमेना गृह संञ्चालन (कार्यालय परिसर) | १०००/- |

२०७८/७/१४

प्रमुख प्रशासकीय अधिकृत

रमेश घर्ति

प्रमुख प्रशासकीय अधिकृत